((स्थानीय सरकार सञ्चालन ऐन,२०७४ दफा १०२ उपदफा १०३ संग सम्बन्धित )

बागमती नगरपालिका

# बागमती नगरपालिकाको राजपत्र

खण्डः १ संख्या:१० मितिः २०७५/३/२९

## भाग-१

## बागमती नगरपालिका

### बागमती नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

नगरसभाबाट पारित मिति : २०७५।३।२५

प्रमाणीकरण मिति : २०७५।३।२६

प्रस्तावनाः नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बागमती नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यो ऐनको नाम बागमती नगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन बागमती नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले बागमती नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बागमती नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले बागमती नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही बागमती नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

५. **बिबिधः** यो ऐन लागु हुनु भन्दा पहिले नगरकार्यपालिकाबाट स्वकृत भइ कार्यान्वयनमा आएका नियम,निर्देशिका, कार्यविधि र मापदण्डहरु दफा ३ र दफा ४ को अधिकार बमोजिम नै भएको मानिने छ ।

आज्ञाले,

विमल कुमार पोखरेल

नि.प्रमुख प्रशासकीय अधिकृत